जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ३९ २०८० साल जेठ ७ गते आइतवार (21 May 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा** : झुट्टा विवरण पेश गरी नेपाली ... **पृष्ठ ३ मा** : हाम्रा शिक्षक किन ... **पृष्ठ ४ मा** : संघीयता मात्रै दोषी ... **पृष्ठ ५ मा** : नक्कली शरणार्थी प्रकरण :...

# महिलाको उल्लेख्य सहभागितामा राजावादीको प्रर्दशन





**राजविराज**/राजसंस्था पुनःस्थापनाको माग गर्दै राजाका समर्थकहरुले शनिबार राजविराजमा बृहत प्रदर्शन गरेका छन् ।

राष्ट्रवादी यूवा दलित तथा अल्पसंख्यक विपन्न वर्ग विकास सेवा समिती कंचनपुर सप्तरीको. अगुवाईमा सो प्रर्दशन गरिएको हो ।

गाउँगाउँबाट ट्याक्टर, वस, साइकल, अटो, सिटीरिक्सा लगायतका सवारी साधनको प्रयोग गरी स्थानीय राजरंगशालामा हजारौको संख्यामा भेला भएका राजसंस्थाका पक्षधरहरुको उक्त प्रदर्शनमा सहभागिता रहेको थियो ।

प्रर्दशनको समितीका जिल्ला अध्यक्ष विष्णु देव यादवले नेतृत्वमा विभिन्न राजनीतिक दल सम्बद्ध स्थानीय कार्यकतादेखि सर्वसाधारण समेत सहभागी भएको देखिन्थे ।

प्रर्दशनको क्रममा सहभागीहरुले "राजा आऊ देश बचाऊ, हाम्रो राजा हाम्रो देश, प्राण भन्दा प्यारो छ, गाउँ नगरमा हल्ला छ, राजा ल्याउने सल्लाह छ, जयश्री राम, लगायत राजसंस्था र हिन्दु धर्मको पक्षमा नाराबाजी गरेका थिए ।

नगरपरिक्रमा पश्चात् पुनः राजरंगशाला मै पुगी आयोजित सभालाई प्रमुख अतिथी पूर्व उर्जाराज्य मन्त्री दिपक कुमार सिह, राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य राम बहादुर घोकर, सन्तबहादुर रुम्बा, पारस वस्नेत लगायतले सम्बोधन गर्दै मुलुक जोगाउन राजसंस्था र हिन्दु राष्ट्र अवको प्रमुख आवश्यकता रहेको बताए ।

उनीहरुले अहिलेका प्रमुख दलका नेता तथा कार्यकर्ताहरुको कार्यशैलीले मुलुकमा मात्र नभई अन्तराष्ट्रियस्तर मै गन्हाई सकेको भन्दै कडा शब्दमा आलोचना समेत गरे ।

राजवादीहरुले दुई वर्ष पछी यस्तो प्रर्दशन गरेका हुन । २०७७ कार्तिक २६ गते नेपाल राष्ट्रवादी समुहको व्यानरमा राजवादीहरुले प्रर्दशन गर्न खोज्दा प्रमुख दल निकट विद्यार्थी संगठनका स्थानीय नेताहरुले विथोलि दिएका थिए । तर २ वर्ष पछी शनीवार आयोजना गरीएको प्रर्दशन र सभामा कतै कुनै हस्तक्षेप गरिएन ।

त्यति बेला राजसंस्था पुनः स्थापनाको माग सहित पुर्व राजाका सर्मथकहरुद्वारा दिनहु जसो मुलुकका मुख्य सहरहरुमा प्रर्दशन हुन थाले पछी २०७७ मंसिर १६ गते गृहमन्त्रालयले विरोध ऱ्याली, सभा, जुलुस लगायतका गतिवीधी हुन न दिन सबै जिल्ला प्रशासन कार्यालय र मातहतका सुरक्षा निकायलाइ निर्देशन दिएको थियो । तर शनिवार गरिएको प्रर्दशनमा स्थानीय प्रशासनले पनि कुनै बाधा अवरोध र हस्तक्षेप न गर्दा निर्वाध र भब्य रुपमा प्रर्दशन र सभा सम्पन्न भएको आयोजक समितीले जनाएको छ ।

# इन्धनमा मुल्य घटेपछि यातायातको भाडा दर पनि घट्यो

**राजविराज**/इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट पेट्रोलियम पदार्थको खरिद मूल्य घटेर आएपछि नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ ।

निगमले डिजेल र मट्टितेलको मूल्यमा मंगलबार राति १२ बजेदेखि लागू हुने गरी प्रतिलिटर रु १० घटाएको छ । पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य यथावत छ । मूल्य घटेसँगै डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ५५ कायम भएको छ ।

यसअघि डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु एक सय ६५ थियो । पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ७५, हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर रु एक सय ६०, हवाई इन्धन (बाह्य)को प्रतिलिटर अमेरिकी डलर १.३५० र खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार आठ सय कायमै छ ।

यसैबीच यातायात व्यवस्था विभागले अन्तरप्रदेश सार्वजनिक यातायातअन्तर्गत यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादर घटाएको छ ।

विभागले बुधबार एक सूचना जारी गर्दै इन्धनको मूल्यका आधारमा स्वचालितरूपमा भाडा समायोजन गरिएको जनाएको छ ।

*बाँकी दुई पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

# जेष्ठ नागरिकका लागि सहुलियत दरमा स्वास्थ्य सेवा

**राजविराज**/मधेश प्रदेश सरकार र राजविराज नगरपालिकाले जेष्ठ नागरिकका लागि ६ रुँपैया २५ पैसा तथा अन्यले २५ रुँपैया मै विभिन्न रोगको परिक्षण गर्न पाउने व्यवस्था मिलाएको छ ।

संयुक्त लगानी र सहकार्यमा मंगलबारदेखी "राजविराज जनस्वास्थ्य प्रयोगशाला" को शुभारम्भ भएसँगै प्रयोगशालामा जेष्ठ नागरिकका लागि सबै प्रकारका जाँचमा ७५ प्रतिशत छुट दिइने प्रयोगशालाकी इन्चार्ज नितु देवले जानकारी दिएकी छिन् ।

डेंगु, मलेरिया र एचआइभी एड्सको निशुल्क परिक्षण गरिनुका साथै विभिन्न ६२ प्रकारका रोगहरुको परिक्षण हुने उनले बताइन् । प्रयोगशालामा न्युनतम

*बाँकी दुई पृष्ठमा*

➢ मानो रोपौं, मुरी फलाऔं,
➢ खेतीयोग्य जमिन बाँझो नछोडौं,
➢ पसिना बगाऔं, समुन्नत बनौं,
➢ आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### प्रहरीको सचेतनामूलक अभियान सकारात्मक प्रयास

विपत सम्बन्धी जिल्लामा प्रहरीले दिनहुँजसो सचेतनामूलक अभियान संचालन गर्दै आइरहेको छ। जिल्लामा खासगरि अहिलेको समयमा आगलागि, आत्महत्या, सवारी दुर्घटना जस्तो घटना भइरहेकोले यस्ताप्रति सचेतना जगाउन प्रहरी लागि परेको छ। जिल्लाको १८ वटै पालिकामा प्रहरीले यस्ता अभियानलाई तिब्रता दिनु सकारात्मक पक्ष हो। तर, सचेतनाले मात्र नभएर मानिसहरु यसप्रति आफै पनि सचेत हुनु आवश्यक छ। प्रहरीको एकल प्रयासले यस्ता घटना दुर्घटना नियन्त्रण हुन सक्दैन्। यसका लागि समाजका अगुवा तथा परिवारका सदस्यहरु पनि यस्ता अभियानलाई बुझेर आफैबाट सुरुवात गर्न सके मात्र अभियानले सकारात्मक परिणाम ल्याउन सक्छ।

जिल्लामा अहिले आत्महत्याको घटना बढ्दो छ। यसका लागि प्रहरीले सचेतना गराउँदै हिडेर हुँदन्। प्रहरीले आफ्नो कर्तव्य पुरा गर्ने भएकोले यसका लागि समुदायले पनि यस्ता कार्यक्रमलाई गम्भिरतापूर्वक सहभागिता जनाएर परिवारका सम्पूर्ण सदस्यलाई बुझाउन सके मात्र यसको उपलब्धी मान्न सकिन्छ। प्रत्येकले आफ्नो परिवारमा यस्ता घटनाहरुप्रति सचेतना गराउन सके सिंगो समाज यसबाट लाभान्वित हुने विश्वास गर्न सकिन्छ। यस्तौ आगलागिका घटना बारे पनि सानो कुरामा सचेत पुऱ्याउन सके पक्कै पनि यस्ता घटना हुनबाट बचाउन सकिन्छ। त्यस्तै सवारी दुर्घटनामा पनि गम्भिरतापूवर्क होस पुऱ्याउन सकिए यो पनि नियन्त्रण हुन सक्छ।

तसर्थ माथि उल्लेखीत घटनाहरु प्रति समाजका हरेक व्यक्ति गम्भिर हुन सके पक्कै पनि प्रहरी गरिरहेको दुर्घटना न्युनिकरणको सचेतनामूलक प्रयासले सकारात्मक परिणाम ल्याउन सक्छ। यसर्थ आजैदेखी यस्ता घटनाहरु प्रति समाजमा सचेतना दिन अग्रहस होऔं।

# झुट्ठा विवरण पेश गरी नेपाली नागरिकता दिएको प्रकरणका ५ जनाले धरौटी बुझाए

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकिय अधिकृत किशोर कुमार राम शुक्रवार ५० हजार धरौटी बुझाएका छन्।

झुट्ठा विवरण पेश गरी नेपाली नागरिकता दिएको प्रकरणमा उनीसहित २६ जना विरुद्ध सप्तरी जिल्ला अदालतले गत बैशाख ३१ गते पकाउ पुर्जी जारी गरेको थियो।

शुक्रबार थुनछेक बहस पश्चात् न्यायाधिश हरिशचन्द्र इङ्नामको इजलासले ५० हजारको धरौटीमा रिहा गर्ने आदेश जारी गरेको हो। सो धरौटी बुझाएपछि उनी पक्राउबाट जोगिएका छन्। राम स्वयम् अदालतमा हाजिर भएका थिए। योसँगै उक्त प्रकरणका ५ जना आरोपि धरौटी बुझाएर हाल सम्म मुक्त भएका छन् भने २१ जना अझै फरार छन्।

२०७९ साल फागुन २१ गते जिल्ला प्रशासन कार्यालय सप्तरीबाट सुर्य नारायण यादवको छोरा सतिष यादवको नेपाली नागरिकता जारी भएकोमा सतिष यादव सूर्यनारायण यादवको छोरा नभएको र झुट्ठा विवरण पेश गरी नागरिक्ता दिइएको भन्दै दर्ता भएको अभियोग पत्रमा अधिकृत राम समेत प्रतिवादि रहेका छन्।

नागरिक्ता जारी भएका बेला प्रशासकिय अधिकृत राम जिल्ला प्रशासन कार्यालय सप्तरीमा कार्यरत थिए। हाल उनी विष्णुपुर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत पदमा वहाल छन्। उनी केही दिनअघि मात्र विष्णुपुर गाउँपालिकामा सरुवा भई सो जिम्मेवारी प्राप्त गरेका छन्। उनले यो प्रकरणमा आफ्नो कुनै संलग्नता नरहेको तथा अनाहकमा आफ्नो नाम जोडिएको दावी गर्दै आएका छन्।

अदालतका श्रेस्तेदार कुमार मास्केका अनुसार उक्त प्रकरणका आरोपि २६ जना मध्ये राजविराज नगरपालिका ११ का वडा अध्यक्ष उदित नारायण यादव, झुट्ठो विवरण पेश गरी नागरिक्ता लिएका सतिष र उनका बुवा दावि गरिएका सूर्यनारायण यादव जनही १/१ लाख तथा स्थानीयवासी राधेश्याम यादव २५ हजार धरौटी बुझाएर रिहा भइसकेका छन्।

## युवकको शव खेतमा फेला

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकाका एक युवकको मृत शरीर फेला परेको प्रकरणमा तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गत आइतबार बिहान सो नगरपालिका वडा नं. २ खैरबोनाका २३ वर्षिय मो. तफेजुलको अर्धनग्न अवस्थामा मृत शरीर रुपनी गाउँपालिका १ स्थित खेतमा फेला परेको हो।

स्थानियले हत्या भएको भन्दै केही घण्टा राजमार्ग अवरुद्ध गरे पनि प्रहरीले पोष्टमार्टमको रिपोर्ट पश्चात् मात्र पुष्टी हुने जानकारी दिएको छ।

मृतको शव पोस्टमार्टमा लागी आईतवार नै धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई थपअनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले घटनास्थलमा डगस्क्वाड (तालिम प्राप्त कुकुर) को सहयोग समेत लिएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट आएको डगस्कवाडले केही संकेत गरेको र त्यसलाई पनि अनुसन्धानमा समेटिएको प्रहरीको भनाइ छ।

## सामुदायिक सेवा केन्द्रको कार्यसमिति निर्विरोध

**राजविराज**/सामुदायिक सेवा केन्द्र सप्तरीको अध्यक्षमा धिरेन्द्रकुमार दाससहित १५ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएका छन्।

निर्वाचित उपाध्यक्षमा बविताकुमारी देव, सचिवमा संजय कुमार शर्मा, सहसचिवमा संजयकुमार साह र कोषाध्यक्षमा भोलानाथ चौधरी, सदस्यहरुमा एनेश्वर दास, जुगलकिसोर मुखिया, दिलिपकुमार दास, देबानन्द चौधरी, नारायण साहु रौनियार, नेत्र कुमार दास, पंकजकुमार सरकार, मुकेश कुमार यादव, सेराज अन्सारी र ज्ञानु देबी भट्टराई निर्विरोध भएको निर्वाचन समितिको कार्यालयले जनाएको छ।

राजविराजमा गत वैशाख २३ गते मधेस प्रदेशका शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य मन्त्री महेशकुमार यादवले पाँचौं साधारण सभा तथा अधिवेशनको उद्घाटन गरेका थिए।

समुदायमा मेलमिलापको माध्यमबाट शान्ति स्थापना गर्न भूमिका निर्वाह गर्दै आएको सामुदायिक सेवा केन्द्रले जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। सामुदायिक सेवा केन्द्र सप्तरीमा २ सय ४८ जनाआजिवन सदस्य रहेका छन्।

## रक्तदान कार्यक्रम

**राजविराज**/मदन आश्रित दिवसको अवसरमा अनेरास्ववियु र राष्ट्रिय युवा संघले रक्तदान कार्यक्रम गरेको छ।

बुधबार राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र रहेको रक्तसंचार गृहमा नेकपा एमालेका नेता दुर्गानन्द ठाकुर, लक्ष्मण यादव, शिवराम ठाकुर, अनेरास्ववियुका मनिसा साह, भवानी ठाकुर,सचिन्द्र यादव र सुर्य कुमार रजक लगायत १७ जनाले रक्तदान गरे।

यस्तै रक्तदान पश्चात कार्यक्रमको प्रमुख अतिथि पोलिटब्युरो सदस्य सुमन राज प्याकुरेलको अगुवाईमा उनीहरूले उक्त अस्पतालको इमर्जेन्सी वार्डमा रहेका ४० जना बिरामीहरुलाई फलफूल समेत वितरण गरे।

अनेरास्ववियु सप्तरीको अध्यक्ष रंजिव साहको अध्यक्षतामा आयोजित कार्यक्रममा एमालेका नेता ताराकान्त चौधरी, अब्दुल मजिद सकिर, अखिलेश झा, देवनाथ यादव, अनिल झा, वरिष्ठ पत्रकार तथा अधिकारकर्मी मनोहर पोखरेल लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

## हरित पार्कमा आगलागि

**राजविराज**/राजविराजस्थित महेन्द्र बिन्देश्वरी क्याम्पस परिसरमा रहेको हरित पार्कमा आगलागि हुँदा हरियो घासका साथै फुलको बोट जलेर नष्ट भएको छ।

बुधबार राती अचानक भएको आगलागिमा पार्कमा लगाइएको विभिन्न जातका फुलका बोट तथा चाइनिज घास जलेर नष्ट भएको क्याम्पस प्रशासनले जनाएको छ।

क्याम्पस प्रशासनका अनुसार आगोका कारण फुलबारी र हराभरा बनाउन रोपिएको घासको केही भाग जलेर नष्ट भएको हो। आगलागमा कुनै मानविय तथा अन्य भौतिक क्षति भएको छैन।

गत आ.ब.मा डिभिजन वन कार्यालय सप्तरीको आर्थिक सहयोगमा क्याम्पस परिसरमा सो हरित पार्क २५ लाखको बजेटमा निर्माण भएको थियो।

## बरसाइत मनाइयो

**राजविराज**/पतिको दिर्घजीवन तथा सुस्वास्थ्यको कामना गर्दै नवविवाहित महिलादेखी वृद्धासम्मले शुक्रबार बटसावित्री (बरसाइत) पर्व श्रद्धापूर्वक मनाएका छन्।

ब्रतालु महिलाले मन्दिर, घर र नजिकको वर रुखलाई रातो र पहेलो धागोले बेरेर स-विधी पूजापाठ गरि रुखलाई ढोकेर अशिर्वाद लिए। प्रत्येक वर्ष जेठ औंसीको दिन मनाइने यो पर्व आफ्ना श्रीमानको दिर्घजिवनका लागि मनाउने गरिन्छ।

बिहानैदेखि यो पर्व मनाउनेको सदरमुकाम राजविराजस्थित भगवती मन्दिर तथा नगरका आसपासका वरको रुखमूनी घुंइचो लाग्ने गर्छ।

वरको रुखलाई मैथलीमा वर अर्थात दुताहा पनि भनिन्छ। मिथिला संस्कृतीमा श्रीमानलाई देउताका रुपमा पूजा गर्ने परम्परा पुरानो हो। त्यही मान्यता अनुसार वर्षको एक दिन श्रीमानको सम्मान वरको रुखले पाउछ। धर्मशास्त्रमा सावित्रिले आफ्नो मृत पति सत्यवानको पुर्नजिवनका लागि वरकै रुखको पूजा गरेकी थिइन्। पूजापछि सत्यावनले पुर्नजिवन प्राप्त गरेको पौराणिक मान्यता छ। त्यही मान्यता र विश्वासलाई मिथिलाका महिलाहरुले पालना गर्दै प्रत्येक वर्ष औंसीका दिन बट सावित्रि पर्व श्रद्धापूर्वक मनाउँदै आएका छन्।

*जेष्ठ नागरिकका ...*

२५ रुपैयादेखी अधिकतम ३ सय रुपैयासम्म सर्वसाधारणका लागि शुल्क निर्धारण गरिएको छ।

ग्यास्ट्रीक साइटिस, एचसायोलोरी, लिक्युड प्रोफाइल र आरएफटी जाँचको ३ सय रुपैया शुल्क निर्धारण गरिएको तथा दिसा, पिसाब, आरबिसी, मधुमेह लगायतको जाँच २५ रुपैयामा मै गरिने नगरपालिकाका स्वास्थ्य शाखाका इन्चार्ज निरन्जन यादवले जानकारी दिए।

नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन र जिल्ला न्यायाधिश हेमन्त रावलले एक समारोहबीच प्रयोगशालाको संयुक्त रुपमा उद्घाटन गरेका छन्।

*इन्धनमा मुल्य ...*

यातुवाहक सवारी साधनको भाडा तीन दशमलव २० प्रतिशतले घटाइएको उक्त सूचनामा उल्लेख गरिएको छ।

यसैगरी पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनको भाडा चार दशमलव १९ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनको भाडा चार दशमलव ६५ प्रतिशतले भाडा घटेको जनाइएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# हाम्रा शिक्षक किन यति कठोर ?

**प्रविज्ञ रेग्मी**

यो लेखको मूल विषयमा प्रवेश गर्नुअघि चार वटा घटना उल्लेख गर्छु ।

**घटना– १**

कक्षा पाँचको कोठा । शिक्षक ढोकाबाट भित्र छिरिन् । दुई विद्यार्थीले थाहै पाएनन् । शिक्षक आएपछि उठ्ने चलन भएको कक्षामा उनीहरू बेन्चमा बसिरहे । अरू सबै उठेर बसेपछि थाहा पाए । आफूले बिराएको ठानेर हतारहतार उठे । कक्षाकोठाको चलन पूरा गरे । तैपनि उनीहरूमाथि अनुशासन पालना नगरेको भन्दै कारबाही भयो ।

**घटना– २**

शिक्षकले गृहकार्य दिएका थिए । ठ्याक्कै भनेअनुसारको, शिक्षकलाई चित्तबुझ्दो गृहकार्य कक्षा सातकी एक विद्यार्थीले ल्याउन सकिनन् । उनलाई शिक्षकले निर्मम तरिकाले पिटे, ग्रेड घटाउने चेतावनी दिए । बालिकाले पढाएको बुझिनँ भनिन् । शिक्षकले उल्टो 'पढाउने बेलामा ध्यान कता गयो' भन्दै हप्काए ।

**घटना– ३**

निम्न माध्यमिक तहका दुई बालकलाई पाठ कण्ठ नगरेको निहुँमा शिक्षकले सबैका अघि कुखुरा बनेर बस्ने आदेश दिए । अर्का बालकलाई सयचोटि उठ-बस गराए । ती बालक तीन दिन थला परे । स्कुलै आउन सकेनन् ।

**घटना– ४**

मध्यम स्तरको पढाइ भएको बालकलाई शिक्षकले सबैका अगाडि हप्काए ।

कक्षामा प्रथम हुनेलाई देखाउँदै भने, 'ऊ जस्तै बन्, आज्ञाकारी बन् । अनि मात्र सबैले मन पराउँछन् । तेरो दिमागमा त भुस भरिएको छ । मूर्ख! हरिलठ्ठक! गरिखान नसक्ने !'

कक्षाकोठामा शिक्षक र विद्यार्थीबीच यस्तो संघर्ष हुनु हाम्रा लागि नयाँ कुरा होइन । त्यसैले यी घटना सामान्य लाग्न सक्छन् । तर के शिक्षकले विद्यार्थीमाथि प्रयोग गरिरहेको यो शक्तिको असर हामी सामान्य मान्न सक्छौं ?

अरू होइन, मात्र अभिभावक वा आफैं विद्यार्थी भएर सोच्नुहोस् त, के माथि भनिएजस्तो व्यवहार तपाईंका छोराछोरी, भाइबहिनी वा आफन्तमाथि गर्नु न्यायोचित हो ? भविष्यका सबै खाले मार्गहरूको निर्देशन गर्ने शिक्षकले विद्यार्थीमाथि यस्तो शक्ति प्रदर्शन गर्दा विद्यार्थीले के सिक्छ ? कस्तो बाटो पहिल्याउँछ ?

कुनै पनि शिक्षकको कठोर भूमिका र शक्ति प्रयोगले विद्यार्थीको जीवनमा कम्पन ल्याउँछ । उनीहरूले ती अनुभवहरूलाई कसरी लिन्छन्, त्यसबाट उक्सिन सक्छन् कि सक्दैनन्, आफैं वयस्क भएपछि अरूसँग कस्तो व्यवहार गर्छन्, कस्तो आचरण देखाउँछन् भन्ने जस्ता कुराहरू निर्धारण गर्छ ।

हामीकहाँ शिक्षक सम्माननीय मात्र होइन, पुजनीय गुरू मानिनुपर्छ भन्ने धारणा छ । शिक्षकको यो अहम सर्वमान्य ठानिन्छ । विद्यार्थीको आत्मसम्मानमा ठेस पुगे पनि शिक्षकले आफ्नो मर्यादा कायम गराउन चाहन्छ । शिक्षकले जस्तोसुकै दुर्व्यवहार गरे पनि विद्यार्थी विनम्र बने आदर्श मानिन्छ । विद्यार्थीलाई आफूलाई किन सजाय दिइयो भन्ने प्रश्न गर्ने त के, बोध गर्ने समेत छुट छैन । एक हिसाबले शिक्षक मात्र सर्वेसर्वा हो ।

शिक्षक र विद्यार्थीबीच शक्ति सन्तुलन नहुनु शिक्षा प्रणालीकै अँध्यारो पक्ष हो । यो लेखको मूल विषय पनि यही हो– शिक्षक र विद्यार्थीबीचको शक्ति सन्तुलन ।

अमेरिकी प्रख्यात धावक लुई जाम्पेरिनी भन्छन्– सिक्ने क्रममा गल्ती हुन्छ, अपराध होइन । सिकाइमा हुने गल्तीहरू नै पाइला राख्ने ढुंगाहरू हुन् । लड्दालड्दै दौडिन आउँछ । विद्यार्थी भनेकै यही हो ।

तर हाम्रो शिक्षा प्रणालीमा शक्ति अभ्यास हुन्छ । यस्तो अभ्यासका मुख्यगरी तीन आधार देखिन्छन् ।

विद्यार्थीको गल्तीलाई अपराधैसरह सजाय दिनु, मन परेका विद्यार्थीलाई कक्षामा विशेष र उदाहरणीय रूपमा प्रस्तुत गर्नु र शिक्षक सधैं सही हुनु; शक्ति अभ्यासका यी तीन आधारले शिक्षकलाई विद्यार्थीभन्दा सधैं माथि राखेको छ ।

यसमा दण्डको चेतावनी दिएर विद्यार्थीलाई काम गराउनु र भनेबमोजिम नभएमा सजायको भागीदार हुनुपर्छ भन्ने शिक्षकको मनोविज्ञान प्रबल हुन्छ । दण्डको सन्दर्भ स्वीकार गरिन्छ । पुरस्कार पनि प्रेरणा जगाउनेभन्दा शक्ति प्रवर्तनको माध्यम बन्छ । सिकाइका कदमलाई सजाय वा पुरस्कारको प्रतिस्पर्धामा उतार्दा विद्यार्थीमा अनावश्यक दबाब सिर्जना हुन्छ ।

चिकित्सक तथा मन्टेसरी शिक्षा विस्तार गर्ने मरिया मन्टेसरी भन्छिन्– दण्ड र पुरस्कारको कुरामा एउटालाई ठीक मान्ने हो भने दुवै ठीक हुन् । एउटा बेठीक भए दुवै बेठीक । तसर्थ यो वर्जित हो ।

त्यस्तै आफूलाई मन नपरेको वा कमजोर विद्यार्थीलाई मन परेकोसँग तुलना गरेर सन्दर्भ शक्तिको अभ्यास गरिन्छ । मन पराइएको विद्यार्थीले अनुग्रहबाट पहिचान स्थापित गर्छ । यो मेरो प्रिय र यो अप्रिय, यो ठीक यो बेठीक भनेर विद्यार्थीबीच विभेद गरिन्छ ।

अर्को हो विज्ञ शक्ति अर्थात् विज्ञ वा शिक्षकबाट गल्ती हुँदैन, गर्दैन भन्ने अवधारणा । यो मान्यतामा शिक्षकहरूले जे भने वा गरे पनि कसैले प्रश्न गर्दैन । सिकाउने मान्छे भएकाले उनीहरूका सबै कुरा स्वीकार्य हुन्छन् । अनि उनीहरूले विज्ञता र त्यही स्वीकार्यताका आधारमा शक्ति कायम गर्छन् ।

यी विषय हाम्रा कक्षाकोठामा सामान्यजस्तै हुन् । त्यसैले व्यावहारिक रूपमा सामान्य नै लाग्न सक्छ । तर यो एकदमै गम्भीर विषय हो जसलाई सुधार्न आवश्यक छ । किनभने शिक्षकले यस्तो शक्ति कार्यान्वयन गर्दा विद्यार्थीको सिकाइको वातावरण क्षिण हुन्छ । सिकाइ भनेको विद्यार्थीको स्वनियमन र स्वनिर्देशनमा हुनुपर्छ । यो प्रक्रियाबाट विद्यार्थीमा आत्मसम्मान र विश्वास निर्माण हुन्छ ।

शक्तिको गलत प्रयोगले कक्षाकोठाको गतिशीलता खलबलिन्छ । विद्यार्थीमाथि हँसिमजाक गरिँदा उनीहरूको मनोबल गिर्छ । दीर्घकालमा व्यक्तित्व नै दबिन्छ । तर्क राखेर बोल्न नसक्ने भइदिन्छन् । यी सबै कुरा अनुसन्धानहरूले पुष्टि गरिसकेका छन् ।

स्कुले विद्यार्थीकाल भनेको कुनै पनि व्यक्तिको स्वभाव निर्देशन गर्ने स्नायुमार्ग निर्माण हुने समय हो । यी वर्षमा यस्ता शक्तिको प्रयोग भएमा स्नायुमार्ग विक्षिप्त बन्न सक्छ । अनि जीवनभर उसका प्रगति कठिनाइ बनिदिन्छ । यसको विपरीत यसरी सोच्ने, गर्ने भनेर उत्साहपूर्ण वातावरणमा सिकाउने, बुझाउने गर्ने हो भने उनीहरूको सोचाइको सीप पनि विकास हुन्छ ।

शब्दहरू भनेका शक्तिका स्रोत हुन् । कक्षाकोठामा बोलिएका शब्दले स्रोताको मानसिकता निर्धारण गर्छन् । सही र सकारात्मक शब्दले सोचाइलाई बलियो र प्रभावकारी बनाउँछ । बारम्बार 'तिमी कमजोर छौ' भन्ने हो भने विद्यार्थीले आफू वास्तवमै कमजोर रहेछु भन्ने विश्वास गर्छ । उसले भएको आत्मविश्वास पनि गुमाउँछ ।

शक्ति प्रयोग उच्च हुँदा शिक्षकले विद्यार्थीको हरेक कुरा नियमन गर्छन् । उनीहरूको बोली निर्देशनात्मक हुन्छ । केटाकेटीहरू आफ्नो सिर्जनशीलता र कल्पनाशक्ति प्रयोग गर्दैनन् । निष्क्रिय बन्छन् । आदेश कुर्छन् ।

शिक्षक सधैं सही र जसरी पनि उसले जित्नुपर्ने अस्वाभाविक प्रवृत्ति मौलाउँदा विद्यार्थी स्वतन्त्र विचारका अभिव्यक्तिबाट वञ्चित हुन्छन् । आफ्नो अभिव्यक्ति शिक्षकसँग मिल्छ कि मिल्दैन, मिलेन भने शिक्षकले मेरो कुरालाई चुनौती दिएको बुझ्नेर आफूप्रति नकारात्मक धारणा राख्ने डर पनि हुन्छ ।

शिक्षकले आफ्नो अधिकार कार्यान्वयन गर्ने क्रममा विद्यार्थीको संवेदनशील र कमजोर मानसिकतामा आघात पुगेको स्वीकार गर्नुपर्ने हो । तर यस्तो हुँदैन । यही कारण दीर्घकालमा अवाञ्छनीय प्रवृत्ति विकास हुने अनुसन्धानले देखाएको छ । विद्यार्थीको प्राज्ञिक स्तर राम्रै भए पनि जिम्मेवारी कम हुन सक्छ । यसले आफ्नो कमजोरीको दोष अरूमाथि थोपर्ने प्रवृत्ति बढ्छ । उनीहरू वयस्क बनिसक्दा पनि आफूलाई केटाकेटी नै ठान्छन् ।

शक्तिको जथाभावी प्रयोग गर्दा विद्यार्थीले आफूलाई स्वनियमनमा राख्न पनि सक्दैनन् । अभ्यासबाट वञ्चित हुन्छन् । यसले गर्दा उनीहरूमा जवाफदेहिता कम हुन्छ । सबै कुरालाई स्वीकार गर्नुपर्ने अवस्था सिर्जना गर्दा पछि उनीहरू या त मातहतमै बसिरहने 'कन्फर्मिस्ट' (अर्काको कुरा पत्याउने, प्रश्न नगर्ने) बन्छन् या स्वाभावमा विद्रोही परिवर्तन आउँछ ।

कक्षाकोठा समाजको सानो रूप हो र यो शान्तिको नमूना हुनुपर्छ ।

'शक्ति सन्तुलन शान्तिको मापक हो । यो कक्षाकोठाबाट सुरू हुन्छ,' दार्शनिक थोमस पाइन भन्छन् ।

अनुसन्धानहरूले देखाएअनुसार शिक्षकहरूमा मान्यता हुन्छ– म शिक्षक र उनीहरू विद्यार्थी हुन्, सम्पूर्ण कक्षाकोठा मेरो नियन्त्रणमा हुनुपर्छ । सोहीअनुसार कक्षा सञ्चालन हुनुपर्छ । सबै निर्देशन आफैंले दिनुपर्छ । पाठयोजना मेरै निर्णयमा बन्नुपर्छ ।

कुनै शिक्षक शक्ति सन्तुलनबारे साक्षर छैन भने उसले 'म शिक्षक हो, मैले पढाउने हो, मैले भनेअनुसार विद्यार्थीले गऱ्यो भने ऊ अगाडि बढ्छ नत्र फेल हुन्छ' भन्ने जस्ता गलत धारणा राख्छ । तर सिकाइको आवश्यकता, सान्दर्भिकता, दिशा र बाटो तय गर्ने स्वयं विद्यार्थी हुन् ।

त्यस्तै परीक्षा नतिजा सन्तोषजनक नआए आफूले पढाउन नसकेर यस्तो भएको भन्ने पनि शिक्षकलाई लाग्न सक्छ । तर यही नै आधारभूत गल्ती हो । यहाँ पढाउन नजानेर भन्दा पनि विद्यार्थीले सीप नजान्दा अपेक्षित नतिजा नआएको हो । विद्यार्थीले गर्नुपर्ने परिश्रमको जिम्मा शिक्षकले आफ्नै काँधमा मात्र लिँदा यस्तो हुन्छ ।

'मैले पढाउन सकिनँ' भन्ने निष्कर्षले शिक्षकमै दिक्दारी आउँछ । दिक्दारीले रिस उठ्छ र उसलाई शक्ति प्रयोग गर्न झनै प्रेरित गर्छ । निर्देशन कम भएर वा विद्यार्थी जिम्मेवार नभएर वा जति गरे पनि नहुने संस्कृति विकास भएर यस्तो भएको भन्ने मानसिकता विकास हुन्छ ।

अझै पनि शिक्षा प्रणालीमा शक्ति प्रयोगबाट मात्र राम्रो परिणाम आउँछ भन्ने सोच छ । यसको पक्षमा गरिने बहसमा पनि 'हामीले यसै गरेको हो, अब पनि यसै गर्नुपर्छ' भन्ने तर्क हुन्छ । यो मान्यताले शिक्षक र प्रशासन दुवैमा समस्या भएको देखाउँछ । यो बदलिन जरूरी छ ।

स्कुलमा मात्र होइन, बालबालिकामाथि प्रयोग हुने शक्तिको सन्तुलन घरमा पनि हुन जरूरी छ । आफूमाथि आश्रित भएकाले आमाबुवाले सन्तानमाथि स्वामित्व थोपर्छन् । यो गलत अभ्यास हो । उनीहरूलाई सन्तुलित र सही निर्देशन दिँदै छुट्टै व्यक्तिका रूपमा उनीहरूको वैक्तिक स्वतन्त्रता दिइनुपर्छ ।

केटाकेटीमाथि हुने शक्तिको प्रयोगलाई प्रगतिशील रूपरेखामा ढाल्नुपर्छ । शक्ति बाँडफाँटको सिद्धान्त अपनाउन सकिन्छ । कक्षाहरू विद्यार्थी केन्द्रित हुने, शिक्षकले विद्यार्थीलाई नै आफ्नो काम गर्ने अधिकार र स्वअनुशासनबाट सशक्तीकरण गर्दा शक्ति सन्तुलन हुन्छ । यसो गर्दा दुवै पक्षको जित हुन्छ ।

शक्ति सन्तुलनमा दुवै पक्ष तनावमुक्त हुन्छ । विद्यार्थीले स्वतन्त्रता पाउँछन्, त्यसको सही ढंगले प्रयोग गर्ने प्रजातान्त्रिक परिपाटी विकास गर्छन् । शक्ति बाँडफाँटको सिद्धान्तलाई व्यवहारमा परिणत गर्दा समयसापेक्ष र सकारात्मक परिणाम आएको अध्ययनले देखाएको छ ।

पढ्ने जिम्मेवारी विद्यार्थीकै हो, शिक्षकले ज्ञानआर्जन प्रक्रियामा सहजीकरण गर्ने हो, हौसला र मनोबल दिने हो भन्नेजस्ता सोच विकास भएमा शिक्षक र विद्यार्थीबीच गहिरो अन्तक्रिया हुने पनि अध्ययनले पुष्टि गरेका छन् । सेतोपाटीबाट


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**हाम्रा विशेषताहरु**

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# संघीयता मात्रै दोषी हो ?

**श्रीमननारायण**

संघीयता भनेको राज्यको शक्तिको अधिकारको विभाजन हो। नेपालजस्तो बहुजातीय, बहुभाषिक एवं विभिन्न सांस्कृतिक समूह भएको देशमा एकात्मक शासन प्रणालीले सबै जाति, वर्ग, क्षेत्र एवं सम्प्रदायलाई समेट्न सकेन। उनीहरूको भाषा एवं संस्कृतिको समुचित संरक्षण एवं संवर्द्धन गर्न, आर्थिक विकास गर्न र स्थानीय स्रोत एवं साधनको समुचित सदुपयोग गर्न नसकेकै कारण राज्य संरचनाको विभाजनलाई आवश्यक ठानिएको हो।

एकात्मक शासन प्रणालीको झन्डै अढाइ सय वर्ष पुरानो संरचना सार्थक साबित नभएकै कारण देशले २०७४ सालदेखि व्यावहारिक रूपमा संघीय ढाँचालाई आत्मसात गरेको हो।

जुन दलका लागि प्रमुख राजनीतिक एजेन्डा संघीयता रहिआएको छ, ती दललाई बहिष्कार गरेर देशका ठूला दलले संविधान बनाए र आफ्नो तत्कालीन हठ, अहंकार र सीमित ज्ञानलाई यथेष्ट मानी अनौठो किसिमको संघीयतालाई अस्तित्वमा ल्याए। २०१० सालदेखि नै नेपालमा मधेसी दलले संघीयताको मागलाई उठाउँदै आएका हुन्, तसर्थ उनीहरूले चाहेको अथवा मागेको जस्तो संघीयता कायम गरिएमा देशका ठूला दलहरूको राजनीतिक पराजय हुने भन्ठानेर नै विकृत किसिमको संरचनालाई अघि सारियो। संघीय संरचनालाई कमजोर बनाउन स्थानीय तहको सरकारको परिकल्पना गरियो।

नेपालजस्तो आर्थिक रूपले गरिब देशमा स्थानीय तहको वर्तमान संरचना कुनै आवश्यक थिएन। जिल्ला सदरमुकामहरूमा एउटा नगरपालिका पर्याप्त थियो। पूर्व-पश्चिम राजमार्गका बढी जनघनत्व भएका केही ठाउँमा पनि नगरपालिका दिन सकिन्थ्यो। नेपालमा सात सयभन्दा बढी पालिकाको कुनै आवश्यकता र औचित्य छैन। सरकारले स्थानीय तहलाई आवश्यकताभन्दा बढी स्रोत एवं साधनले सम्पन्न बनाई भ्रष्टाचारको विकेन्द्रीकरण गरेको छ। स्थानीय तहको संरचना अस्तित्वमा आएको पाँच वर्षभित्रै यसका ९० प्रतिशत संरचना भ्रष्टाचारका कारण बदनाम भएको छ। वडाध्यक्षदेखि मेयर, उपमेयर भ्रष्टाचारको मुद्दा झेलिरहेका छन्।

स्थानीय तहलाई सरकारको संज्ञा दिइएको छ, तर स्थानीय तहलाई कानुन बनाउने अधिकार छैन। स्थानीय तहको आर्थिक कारोबारको छानबिन गर्ने कुनै निकाय पालिका स्तरमा छैन। स्थानीय तहहरूमा व्यापक भ्रष्टाचार भएका छन्। स्थानीय तहका निर्वाचितहरू बढी भ्रष्टाचारी साबित भएका छन्, तर संघीयता (यद्यपि वास्तविक संघीयता देशमा आएकै छैन)लाई समाप्त गर्ने सुनियोजित षड्यन्त्र चलाइएको छ। प्रादेशिक संरचना आवश्यक छ तर स्थानीय तहको हैन। जथाभावी अस्तित्वमा आएका गाउँपालिका र नगरपालिका खारेज हुनुपर्छ। स्थानीय स्तरमा वडा कार्यालयहरू मात्रै अस्तित्वमा रहनुपर्छ, जिल्ला सदरमुकामबाहेक नगरपालिकाको आवश्यकता र औचित्य छैन।

नेपालमा व्यावहारिक रूपमा संघीयता अस्तित्वमा आएको ६ वर्ष पूरा भइसकेको छ। यो अवधिमा देशमा राजनीतिक स्थायित्व पनि रहेन। हामीकहाँ राणाशासनको अन्त्यपश्चात् आमनेपाली जनताको माझबाट देशको प्रधानमन्त्रीको चयन हुन थाल्यो, तर प्रजातन्त्रपछि अहिलेसम्म एकजना प्रधानमन्त्रीले पनि आफ्नो ६ वर्षको कार्यकाल पूरा गरेको उदाहरण छैन। संसदमा बहुमत हुँदा पनि दलहरू एकजुट भएर सरकार चलाउन सक्दैनन्। नाच्न नजान्नेले आँगनलाई टेढो भन्नु अस्वाभाविक होइन। नेपालका राजनीतिक दल र यहाँका नेताहरू आफूभित्रको कमी-कमजोरीको समीक्षा गर्दैनन्। पटकपटक ऐना सफा गर्छन् तर आफ्नो अनुहार सफा गर्न आवश्यक ठान्दैनन्। बडो सुनियोजित तरिकाले देशका सबैखाले समस्याको निम्ति संघीयतालाई नै कारण बताउने काम भइरहेको छ।

यथार्थमा नेपालमा संघीयता त आएकै होइन, राज्यको शक्तिको अधिकारको वास्तविक रूपमा विभाजन भएकै छैन। अहिले नेपालमा अस्तित्वमा रहेको स्थानीय तहको संरचना संघीयताको परिभाषाभित्र आउँदैन। नेपालको संविधानको निर्माणमा सक्रिय भूमिकाको निर्वाह गरेका कुनै पनि दलको राजनीतिक एजेन्डामा संघीयता थिएन। त्यही भएर नेकपा एमालेका एकजना वरिष्ठ नेताले आफ्नो पार्टीले नचाहेर पनि संघीयताको पक्षमा उभिन बाध्य भएको बताएका थिए। नेकपा एमालेका एकजना वरिष्ठ नेताद्वारा नेकपा एमालेको जारी केन्द्रिय समितिको बैठकमा पनि संघीय संरचनालाई खारेज गर्ने प्रस्ताव ल्याइएको छ। नेकपा एमाले सैद्धान्तिक रूपमा पनि यसको विपक्षी रहेका कारण यो प्रस्ताव यसको बैठकबाट पारित पनि हुन सक्छ, जो नेकपा एमालेको निम्ति आत्मघाती साबित हुनेछ।

देशका ठूला राजनीतिक दलहरू आफ्नो कमी कमजोरी र असफलतालाई लुकाउन संघीयतालाई तगारो बनाएका छन्। नक्कली भुटानी शरणार्थी प्रकरण अहिले देशका प्रायः सबैजस्तो ठूलो दलका निम्ति घाँटीमा अड्केको हड्डी साबित भइरहेको छ। आफ्नै जनतालाई ठग्नमा नेपालका सांसद, मन्त्री, उच्चपदस्थ कर्मचारी र कथित सुरक्षाविज्ञ पनि सामेल भइहाल्छन्। नेपाली जनता देशका राजनीतिक दलहरू र यहाँका नेताबाट दुःखी छन्।

गरिबी बेरोजगारी महँगी लगायत अनेकौं समस्याबाट जनता पीडित छन्, तर जनताका जल्दाबल्दा समस्याप्रति देशका नेता चिन्तित छैनन्। अहिले त ठगी धन्दामा सामेल ठूला दलका नेतालाई कसरी जोगाउने भन्नेबारे सहमति बनाउने काम भइरहेको छ। भ्रष्टाचार र देशको दयनीय आर्थिक अवस्थाबाट जनताको ध्यान विचलित गर्न नागरिकता र संघीयताको विषयलाई चर्चामा ल्याइएको छ, ताकि मधेसी दलहरू आक्रोशित भएर सडकमा आऊन् र देशका ठूला दलहरू राष्ट्रियताको राजनीति कार्ड खेल्न सकून्।

नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीदेखि नेकपा माओवादी केन्द्रजस्तो एक दशक लामो सशस्त्र संघर्ष गरेको पार्टी पनि संघीयताको विपक्षीमै देखिन्छ। नेपालका अधिकांश लेखक बुद्धिजीवी र मिडियाकर्मी पनि आफू सम्बन्धित राजनीति दलका नेताको सहमति र समर्थनबिना एक शब्द पनि बढी लेखपढ गर्न सक्दैनन्। विगतमा संघीयताको पक्षमा अनेकौंपटक विचार राख्नेहरू पनि अचेल संघीयताको विपक्षमा उभिएका छन्। पार्टी अध्यक्ष र नेताकै बुझाइमा आफ्नो पनि पुच्छर हल्लाउने बुद्धिजीवी देशका लागि समस्या नै छन्।

जुन दलका लागि संघीयता प्रमुख एजेन्डा थियो, तिनै दलहरूलाई बहिष्करणमा पारेर संविधान जारी गरिएन मात्रै राज्यको पुनर्संरचना पनि आफू खुसी गरियो। स्थानीय तहको वर्तमान संरचना कुनै पनि अर्थमा जायज छैन। संविधान जारी भएलगत्तै नेकपा एमालेका वरिष्ठ नेता वामदेव गौतमले संघीयतालाई स्वीकार गरेर आफूहरूबाट ठूलो गल्ती भएको स्वीकार गरेका थिए। अहिले पार्टीको केन्द्रीय समितिको बैठकमा यसलाई खारेज गर्ने प्रस्ताव चर्चामा आएको छ।

संघीयता असफल मान्न सकिने खालका त्यस्तो कुनै घटना भएको पाइएको छैन। राजनीतिक अस्थिरता भ्रष्टाचार आर्थिक अनियमितता र राजनीतिक दलहरूबीचको आन्तरिक कलहका कारण देश र जनताको समस्या समाधान हुन सकिरहेको छैन। समस्या सिंहदरबारमा छ, देश चलाउने नेताहरूमा छ, शासन प्रणाली दोषी छैन। संघीयता मधेसी दलहरूको प्रमुख राजनीतिक एजेन्डा रहिआएको थियो, तर अहिले उनीहरूलाई नै यससित वास्ता छैन। कथंकदाचित यसलाई खारेज गर्ने निर्णय भए पनि जनता सडकमा आउने छैनन्, यसको प्रमुख जिम्मेवारी मधेसी र माओवादी दलको हुनेछ।
रातोपाटीबाट


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी विभाग दर्ता न.१२०१०५/७५८

स्था. २०५७

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
राजविराज–४,सप्तरी

मिति : २०८०/०२/०३

**धितोमा रहेको अचल सम्पती लिलाम बिकीका लागी डाँक बढाबढ स्थगित भएको सुचना।**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. राजबिराज–४,सप्तरी ले ऋण असुली प्रक्रिया अन्तर्गत राजबिराज बाट प्रकाशित हुने राजबिराज दैनिक को वर्ष ३२ अंक २२४ , २०७९ चैत्र २४ गते प्रकाशित सुचना अनुसार मिति २०८० जेठ ४ गते दिनको १० बजे देखी बेलुका ५ बजे सम्म धितो लिलाम बिकी का लागी डाँक बढाबढ हुने भनिएकोमा हाल केही दिनका लागी उक्त लिलाम डाक बढाबढ कार्य स्थगित भएको व्यहोरा सबैमा जानकारी गराईन्छ। पुनः अर्को सुचना प्रकाशित गराई उक्त लिलाम डाँक बढाबढ बारे जानकारी गराईनेछ।

व्यवस्थापक
व्यवस्थापक
ज.ब.स.स.लि.


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# नक्कली शरणार्थी प्रकरण : आरोपितमाथि के-के मुद्दा लाग्न सक्छ ?

**काठमाडौं**/नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएको आशंका पक्राउ गरिएका व्यक्तिहरूमाथि जारी अनुसन्धान अन्तिम चरणमा पुगेको प्रहरीले जनाएको छ। काठमाडौं प्रहरी परिसरका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालका अनुसार आरोपित व्यक्तिहरूमाथि अहिले ठगी र संगठित अपराधसम्बन्धी विषयमा अनुसन्धान भइरहेको छ।

पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, बहालवाला सचिव टेकनारायण पाण्डेसहित एक दर्जनभन्दा बढी व्यक्तिमाथि प्रहरीले अनुसन्धान गरिरहेको छ।

**के-के मुद्दा चल्न सक्छ ?**

ठगी र संगठित अपराधबारे मौजुदा अनुसन्धान केन्द्रित भए पनि नक्कली शरणार्थी प्रकरणलाई हेर्दा कैयौं मुद्दा पनि चल्न सक्ने स्वयम् प्रहरी अधिकारी र कानुनका जानकारहरूले बताएका छन्। तर, त्यो विषय जारी अनुसन्धानको नतिजामा निर्भर गर्ने उनीहरूको तर्क छ।

"सरकारी कागजी किर्तेका कुरा पनि आएका छन्। अनुसन्धान गर्दै जाँदा तथ्यले त्यतातिर डोऱ्याए त्यो पनि हुन सक्ने देखिन्छ," रिजालले भने, "त्यसैगरी प्रमाणले भ्रष्टाचार भएकोतर्फ डोऱ्यायो भने अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई लेखी पठाउने कुरा पनि रहन्छ।"

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर उनीहरूबाट पैसा असुल्ने काम भ्रष्टाचार भएको विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की बताउँछन्। "राष्ट्रसेवक र सार्वजनिक पद धारण गर्नेहरूमाथि नै भ्रष्टाचारको मुद्दा लाग्ने हो," उनले भने।

प्रहरीका अनुसार अहिलेसम्म यो प्रकरणमा ६ जनाले आफूहरूलाई नक्कली भुटानी शरणार्थीका रूपमा अमेरिका पठाइदिन्छु भन्दै रकम उठाइएको बताएका छन्।

**देशद्रोह किन र कसरी ?**

विशेष अदालतका पूर्वअध्यक्ष कार्कीका अनुसार नक्कली शरणार्थी प्रकरणबाट संसारभरि नेपालको प्रतिष्ठामा आँच पुऱ्याउने काम गरिरहेकोले त्यो देशद्रोह पनि हो।

अख्तियारका पूर्वप्रमुख आयुक्त




सूर्यनाथ उपाध्यायको बुझाइमा प्रहरीले मुद्दा दायर गरिसकेपछि आयोगले फाइल मगाउन सक्छ र अध्ययन गरी आरोपितहरूमाथि भ्रष्टाचारको मुद्दा चलाउन सक्छ। "प्रहरीले के-के मुद्दा चलाउँछ त्यो हेरेर आयोगले कदम चाल्न सक्छ," उनले भने, "आफ्नै नागरिकलाई नक्कली भुटानी बनाएर पठाउने कुरा भएकाले देशद्रोहको पनि मुद्दा लाग्न सक्छ।"

सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीका अनुसार ठगी, संगठित अपराध एवम् किर्तेसम्बन्धी मुद्दा प्रहरीको क्षेत्राधिकारमा र भ्रष्टाचारको मुद्दा अख्तियारको क्षेत्राधिकारमा पर्छ।

नक्कली शरणार्थी प्रकरण ठगी र संगठित अपराधमा मात्र सीमित नहुनेतर्फ पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक विज्ञानराज शर्मा पनि बताउँछन्।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठ पनि यसमा सहमत छिन्। यसबारे उनले संघीय संसद् सचिवालयमा संकल्प प्रस्ताव नै दर्ता गराएकी छन्। जघन्य अपराध मानिने मानव तस्करीमा राज्यका जिम्मेवार पदमा बसेकाहरू नै संलग्न हुनुले गम्भीर परिस्थितिको सिर्जना गराएको उनको तर्क छ।

"जारी अनुसन्धान र अभियोजन प्रक्रिया फितलो नहोस् भन्ने कुराको सुनिश्चितता संसद्बाटै होओस् भनेर संकल्प प्रस्ताव दर्ता गराएकी हुँ," उनले भनिन्।

**अनुसन्धान कहाँ पुग्यो ?**

काठमाडौं प्रहरी परिसरका प्रवक्ता रिजालका अनुसार सुरूतिर पक्राउ गरिएका व्यक्तिहरूको बयान लिने क्रम सकिसकिएको छ। "पछिल्लो समयमा पक्राउ परेका व्यक्तिहरूको बयान चाहिँ अन्तिम चरणमा पुगेको छ," अनुसन्धानको अवस्थाबारे उनले भने।

प्रहरीका अनुसार पछिल्लो समय पक्राउ पर्नेमा एमाले नेता टोपबहादुर रायमाझी पनि रहेका छन्।

**अनुसन्धानका चुनौती के छन् ?**

पूर्वन्यायाधीश केसीका अनुसार अनुसन्धानको हदम्याद प्रहरीका लागि अहिले ठुलो चुनौती भइरहेको हुनसक्छ। "किनभने प्रहरीसँग अब धेरै दिन बाँकी छैन," उनले प्रष्ट्याए, "चाहिने मान्छेहरूलाई मुद्दा नलगाइकनै अनुसन्धान टुंगिने संकेत देखिएका छन्। उदाहरणका लागि बालकृष्ण खाणलाई नै नियन्त्रणमा लिइएको कैयौं दिनसम्म पनि बयान लिइएन।"

केही सन्दिग्ध ठुला व्यक्तिलाई रकम बुझाएको बयान दिएका पृष्ठभूमिमा त्यस्ता व्यक्तिसँग सोधपुछ गर्नुपर्नेमा त्यो नगरिएको केसीको ठम्याइँ छ।

पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक शर्मा पनि अनुसन्धान प्रक्रियामा प्रहरीमाथि राजनीतिक वृत्तबाट दबाव हुनसक्ने सम्भावनालाई नकार्दैनन्। यो एउटा ठुलो प्रकरण भएकाले र ठुला व्यक्तिहरू जोडिएकाले प्रहरीलाई चुनौती रहेको विशेष अदालतका पूर्वअध्यक्ष कार्की पनि बताउँछन्।

तर, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कसैको दबावमा नआइ निष्पक्ष ढंगले अनुसन्धान गर्न निर्देशन दिएको दोहोऱ्याउँदै आएका छन्। बीबीसीबाट

# "सडक सुरक्षा सप्ताह" आज सम्पन्न हुँदै

**राजविराज**/ जिल्लामा सडक दुर्घटना तिब्र रुपमा बढ्दै गएका बेला न्युनिकरण गर्ने उद्देश्यले "सडक सुरक्षा सप्ताह" नाम दिई सप्ताहब्यापी सचेतनामूलक कार्यक्रम सुरु भएको छ।

सोमबारदेखी सुरु भएको उक्त सचेतनामूलक जेठ ७ गतेसम्म संचालन हुने जिल्ला ट्राफिक कार्यालय शम्भुनाथ सप्तरीले जनाएको छ।

ट्राफिक सचेतना कार्यक्रम अभियानकै रुपमा मनाउन एक समारोहबीच जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले उद्घाटन गरेका छन्।

सडक सुरक्षा सप्ताहको पहिलो दिन सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, जिल्ला ट्राफिक कार्यालयका इन्चार्ज लक्ष्मण गिरी, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष धिरेन्द्र कुमार दासका साथै विभिन्न विद्यालयका छात्रछात्रा र संघसंस्थाका प्रतिनिधीहरुको सहभागितामा निस्केको ऱ्याली ट्राफिक सचेतना सम्बन्धी पर्चा, पम्प्लेट बाड्दै नगरको विभिन्न भागको परिक्रमा गरेको थियो।

नगर परिक्रममा पश्चात् आयोजिक कार्यक्रममा सहभागि वक्ताहरुले सडक दुर्घटनाबाट बच्न र यात्रुहरुको जिवन रक्षाका लागि अपनाउनु पर्ने सावधानी बारे आ-आफ्नो सुझाव दिएका थिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## पूर्वराष्ट्रपति ओबामासहित पाँच सय अमेरिकीमाथि रुसी प्रतिबन्ध

**वासिङ्टन**/अमेरिकाले आफूमाथि लादेको नाकाबन्दीको प्रतिकार गर्दै रुसले पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामासहित पाँच सय जना उच्च पदस्थ अमेरिकी नागरिकमाथि रुसले प्रतिबन्ध लगाएको छ।

रुसी विदेशमन्त्रालयले पूर्वराजदूत जन हन्टस्म्यान, सिनेटरहरूका साथै प्रख्यात टेलिभिजन कार्यक्रम प्रस्तोता जिम्मी किम्मेल, कोलवर्ट, सेथ मेइर्सलगात अमेरिकी नागरिकलाई रुस प्रवेशमा निषेध गरेको केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ ।

"वासिङ्टनका दुर्भावनापूर्ण हरेक कदमको जवाफ मस्कोले दिनेछ, यो कुरा उसलाई ज्ञात हास्" रुसी विदेश मन्त्रालयले अमेरिकी नागरिकमाथि लगाएको प्रतिबन्धमा भनेको छ।

करिब १५ महिनादेखि रुस र युक्रेनबीच युद्ध जारी छ। अमेरिकालगायत पश्चिमा देशले युक्रेनमाथि भएको रुसी हमलाको निन्दा गर्दै मस्कोमाथि आर्थिक नाकाबन्दी गरेका छन्। केही महिनाअघि रुसी कदमको विरोध गर्दै विश्वका एक सय ४१ देशले युक्रनेमाथिको हमला अविलम्ब अन्त्य हुनुपर्ने राष्ट्रसङ्घीय प्रस्तावका पक्षमा मतदान गरेका थिए। एजेन्सी

## आर्थिक संकटमा परेको पाकिस्तान मद्दतका लागि मित्रराष्ट्रको मुख ताक्दै

**इस्लामावाद**/आर्थिक सङ्कटमा परेको पाकिस्तानले अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ)बाट छ अर्ब ५० करोड अमेरिकी डलरको पुनरुत्थान सहायता प्याकेज प्राप्तिमा बिलम्ब भएपछि मित्रराष्ट्रसँग सहयोगको याचना गर्ने निष्कर्षमा पुगेको छ।

पाकिस्तानी समाचार संस्था एआरवाई न्युजका अनुसार आइएमएफ र पाकिस्तानबीच कर्मचारीस्तरमा गत फेब्रुवरीदेखि भएका आर्थिक सहायतासम्बन्धी वार्ताको परिणाम प्राप्त हुन बिलम्ब भएपछि वित्तीय सहयोगका लागि मित्रराष्ट्रहरूको मुख ताक्न सरकार बाध्य भएका हो।

आइएमएमसँगको चालु ऋण कार्यक्रम आगमी महिनाको अन्तिममा मात्र समाप्त हुने र नयाँ ऋण प्याकेजका सम्बन्धमा उक्त वित्तीय संस्थाले निर्णय गरिनसकेकाले पाकिस्तान मित्रराष्ट्रसँग वित्तीय सहायता माग्ने बाध्यात्मक परिस्थितिमा पुगेको हो।

पाकिस्तानले आईएमएफलाई पुरानो ऋणको केही अंश चुक्ता गर्नुपर्नेछ। कालोसूचीमा पर्नबाट जोगिन आगामी महिनाको अन्त्य सम्ममा छ अर्ब डलरको व्यवस्था गर्न आइएमएफले सरकारलाई भनिसकेको छ।

आइएमएफका अधिकांश शर्तको पालना गर्न पाकिस्तान सहमत भएको छ। पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा भएका ऋणका कठोर सम्झौतलाई पनि वर्तमान सरकारले पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको एआरवाई न्युजमा जनाइएको छ।

एआरवाईका अुनसार पाकिस्तानले अहिलेको वित्तीय समस्याबाट पार पाउन चीनसँग मद्दत मागेको छ। बेइजिङले दुई अर्ब ४० करोड डलर ऋण सहयोग प्रदान गर्ने विश्वास पाकिस्तानी अधिकारीले व्यक्त गरेका छन्।

यसैबीच, पाकिस्तानका अर्थमन्त्री इशाक दारले कर्मचारी तहमा भएका वार्ता एवम् सम्झौतामा हस्ताक्षर गर्ने वा नगर्ने निर्णय आइएमएममा निहित रहेको बताएका छन्। सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले आइएमएफका अधिकांश शर्त पूरा गरिएका तथा पूर्वशर्तहरू लागू गरिएका स्पष्ट गरेका छन्। एजेन्सी

## तीन जना अपहरणकारी मारिए

**काबुल**/अपहरणकारीविरुद्ध अफगान प्रहरीले गरेको कारबाहीमा तीन जना मारिएका छन्। अपहरणमा परेका एक जना स्थानीय व्यापारीलाई सुरक्षा कारबाहीमा सकुशल मुक्त गरिएको प्रहरी प्रवक्ता खालिद जद्रानले बताएका छन्।

बिहीबार बिहान अपरहणमा परेका ती व्यापारीलाई सोही दिन अपराह्न अपहरणकारीलाई मारेर सकुशल मुक्त गरिएको तथा गत मङ्गलबार अपरहरणमा परेका अर्का एक जना व्यापारीलाई पनि सकुशल मुक्त गरिएको प्रवक्ता जद्रानले बताए।

लामो समयको आन्तरिक द्वन्द्वका कारण तहसनहस भएको अफगानिस्तानमा सम्पन्न परिवारका सदस्यलाई अतिवादी एवम् सशस्त्र समूहले फिरौती रकम प्राप्त गर्न अपरहणलाई एउटा सहज औजारका रुपमा प्रयोग गर्दै आएका छन्। एजेन्सी

# राजविराज जेसीजद्वारा महंगी तथा भ्रष्टाचार विरुद्ध प्रदर्शन



**राजविराज**/राजविराज जेसीजले शनिबार राजविराजमा महंगी तथा भ्रष्टाचार विरुद्ध प्रदर्शन गरेको छ। योसँगै जनचेतना तथा नागरिक अभियान सचेतनामूलक कार्यक्रम समेत गरेको छ।

स्थानिय गजेन्द्र चोकमा देशव्यापी रूपमा जल्दोबल्दो विषय महंगी तथा भ्रष्टाचार विरुद्ध प्रदर्शन गर्दै जनचेतना तथा नागरिक सचेतना अभिवृद्धि गर्न सडकमा उत्रेको हो।

राजबिराज जेसिजका पदाधिकारी, सदस्यहरु, पूर्व अध्यक्ष तथा युवा बिद्यार्थीहरुको सहभागिता भ्रष्टाचार विरुद्ध नारा सहितको प्लेकार्ड लिएर प्रदर्शन गरिएको छ।

उक्त कार्यक्रममा राजविराज जेसीज वर्ष २०२३ का अध्यक्ष उज्ज्वल काबराको अध्यक्षता तथा पुर्व अध्यक्ष जेसी मनोहर पोखेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा राजविराज जेसीज वर्ष २०२३ का कानुनी सल्लाहकार विप्लव आनन्द, महासचिव रवि राय, कोषाध्यक्ष पंकज कुमार देव, बरिष्ठ उपाध्यक्ष सुनित मुन्ना र उपाध्यक्षहरु रिया राय, किरण कुमार साह, सन्जोग देव, सचिव रन्जना चौधरी लगायतको उपस्थिति रहेको थियो।

# बाल विवाह गरेको अभियोगमा भारतीय नागरिकलाई सजाय

**राजविराज**/ सप्तरीकी १७ वर्षीया एक बालिकासँग बाल विवाह गरेको अभियोगमा एक भारतीय नागरिकलाई तीन महिना कैद सजाय र दुई हजार जरिवाना समेत भएको छ।

भारतको जम्मु काश्मिर राज्य श्रीनगर अविकरपोरा पालामोरा निवासी ४१ वर्षीय गुलाम जिलानीलाई जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले कैद सजायको फैसला सुनाएको हो।

यस्तै बाल विवाह गराउन सहयोग गर्ने भारत जम्मु काश्मिर राज्य रैनवारीका ४० वर्षीय मो रफिकखार र उनकी पत्नी २७ वर्षीया नुर जहानलाई डेढ महिना कैद सजाय भएको सप्तरी जिल्ला अदालतले जनाएको छ। उनीहरु दुबै जनालाई एक/एक हजार रूपियाँ जरिवाना पनि भएको छ।

यता बालिकाका बुवा र आमाले अभियोग दाबीबाट सफाइ पाएका छन्। बाल विवाह गरेर भारततर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बनैनियाको टोलीले बालिका र तीन जना आरोपित भारतीय नागरिकलाई पक्राउ गरेर गत माघ १४ गते नेपाल प्रहरीको जिम्मा लगाएको थियो।

# भन्सार छलेको स्याउ भंसारमा बुझाइयो

**राजविराज**/सप्तरीको बलानबिहुल गाउँपालिका ४ बेल्हीस्थित एक घरमा भण्डारण गरि राखिएको ३ सय ८५ कार्टुन स्याउ प्रहरीले बरामद गरेपछि भन्सार कार्यालय बुझाएको छ।

गोप्य सुचनाको आधारमा प्रहरीले छापा मारी उक्त स्याउ बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

स्थानिय ३५ वर्षिय सन्तोष यादवको पक्की घरमा सटर भित्र भन्सार छलि गरी अवैध रुपमा स्याउको कार्टुनहरू राखिएको प्रहरीको भनाई छ।

प्रहरीका अनुसार ३ सय ८५ कार्टुन स्याउ ७ हजार ७ सय किलो रहेको र सोको बजार मुल्य १९ लाख २५ हजार रहेको तथा बरामद गरिएको स्याउ भन्सार कार्यालय तिलाठीमा बुझाइएको छ।

# उच्च शिक्षा पढ्न विदेशिने क्रम रोक्न आग्रह

**काठमाडौं**/स्वदेशका विश्वविद्यालयलाई गुणस्तरीय बनाई उच्च शिक्षाका नाममा विद्यार्थी विदेशिने क्रम रोक्न शिक्षाकर्मीले आग्रह गरेका छन्।

'उच्चशिक्षाको वर्तमान अवस्था'बारे उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान), काठमाडौं र खबर एजुकेशन डटकमद्वारा आयोजित नीतिगत संवादमा वक्ताले त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा वार्षिक क्यालेण्डर कार्यान्वयन नहुनु, नवप्रवर्तन, अध्ययन अनुसन्धानमुखी र रोजगारमुखी शिक्षा नहुनु, विद्यार्थीको शुल्कको मापनमा एकरुपता नहुनुलगायतका समस्या देखिएको जनाएका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्सालले नीतिगतरुपमा सरकारले गर्नुपर्ने जति सम्बोधनको प्रयास गरे पनि सोचबमोजिम परिणाम आउन नसकेको स्वीकार्नुभयो।

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसालले विश्वविद्यालयका राजनीतिक हस्तक्षेपले संस्कृतिकै रुप लिएकामा चिन्ता व्यक्त गर्दै त्यसलाई तोड्न कोसिस भइरहेको बताउनुभयो।

हिसानका केन्द्रीय अध्यक्ष रमेश सिलवालले विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेप र बन्द हड्तालमुक्त बनाउन आग्रह गर्दै उच्च शिक्षाका नाममा लाखौं रकम विदेशिने अवस्था अन्त्य गर्न नेपाल सरकार, सम्बन्धित विद्यालय र कलेज गम्भीर हुनुपर्ने बताउनुभयो।

शिक्षा मन्त्रालयको आँकडाअनुसार आर्थिक वर्ष २०७९/०८० मा ९२ हजार एक सय ४१ विद्यार्थीले विदेशमा अध्ययनका लागि अनुमतिपत्र लिएको देखिन्छ भने हाल दैनिक यो सङ्ख्या पाँच सयका हाराहारीमा रहेको छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार पछिल्लो नौ महिनाको अवधिमा रु ६७ अर्ब १९ करोड बाहिरिएको छ। अघिल्लो आवको सोही अवधिमा रु ४३ अर्ब ६७ करोड बाहिरिएको थियो।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*